नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
# वैदेशिक रोजगार विभाग
ताहाचल, काठमाण्डौं।

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
वैदेशिक रोजगार विभाग
काठमाडौं
२०६५

## प्रेस नोट

आज मिति २०८३।४।५ गते मंगलबार माननीय युवा, श्रम तथा रोजगार मन्त्रीज्यूबाट वैदेशिक रोजगार विभागको उजुरी तथा मुद्दा व्यवस्थापन प्रणाली (**ujuri.dofe.gov.np**) शुभारम्भ भएको छ। उक्त प्रणालीमा वैदेशिक रोजगार ठगीमा परेको व्यक्तिले प्रमाण सहित अनलाईन माध्यमबाट उजुरी दर्ता गर्न सक्ने व्यवस्था गरिएको छ। उक्त प्रणाली मार्फत वैदेशिक रोजगारीमा पठाउने भनी रकम लिई नपठाएको, तोकिएभन्दा बढी शुल्क लिएको, राहदानी कब्जा गरेको, विदेशमा करार सम्झौता बमोजिमको काम, तलब, सेवा सुविधा नपाएको लगायतका विषयमा स्वदेश वा विदेशबाट नै पिडित वा निजको परिवारका सदस्यले उजुरी गर्न सक्ने व्यवस्था गरिएको छ।

यस प्रणालीले वैदेशिक रोजगार विभागको मुद्दा तथा उजुरी व्यवस्थापनको कार्यलाई छिटो, छरितो, सरल, सहज र पिडितमैत्री बनाउने, कार्वाही प्रकृयाको अभिलेख व्यवस्थित बनाउने र मुद्दा तथा उजुरीको अवस्थाबारे सम्बन्धित उजुरीकर्तालाई इमेल तथा एस.एम.एस मार्फत जानकारी दिने कार्य गर्दछ।

यस प्रणालीको पुर्ण कार्यान्वयन भएपश्चात वैदेशिक रोजगार सम्बन्धी उजुरी ७७ वटै जिल्ला प्रशासन कार्यालयहरुमा दिन सकिने र उजुरीको कार्वाही प्रकृया सम्बन्धित जिल्लाबाटै हुने हुँदा उजुरीकर्तालाई काठमाडौं धाईरहनुपर्ने बाध्यताको समेत अन्त्य हुनेछ । जिल्ला भित्रका साधारण प्रकारका वैदेशिक रोजगार ठगीका घटना जिल्लामा नै मिलापत्र हुने र मिलापत्र हुन नसकेका तथा गम्भीर प्रकृतिका ठगीका घटनाको अनुसन्धानको कार्य मात्र वैदेशिक रोजगार विभागबाट हुने अवस्था सृजना हुनेछ। यसबाट वैदेशिक रोजगार ठगीका पिडितलाई न्याय दिलाउन, वैदेशिक रोजगारीमा जाने वा गएका कामदारलाई राहत तथा क्षतिपुर्ति दिलाउन एवं अलपत्र परेका कामदारलाई उद्दार गर्न सहज हुनेछ।

.................................

मितिः २०८३।४।५

शाखा अधिकृत

Contact: Website: www.dofe.gov.np, Email : info@dofe.gov.np, ☎ 01-4792616, 01-4792671, Fax: 01-4792606